## ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सचिव दिनेश कुमार घिमिरेबाट भएको निर्णय आदेश

अनुमतिपत्र जारी गर्ने निकाय - ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

विरुद्ध

वि.वि.वि.०७२।७३ वि.उ.स.७२५ को विध्युत उत्पादन सर्वेक्षण अनुमतिपत्र (माथिल्लो सेती जलविध्युत आयोजना)

अनुमतिपत्र प्राप्त संस्था - अपर सेती हाइड्रो प्रा. लि.

**विषयः**– अनुमतिपत्रको शर्त उल्लंघन ।

अपर सेती हाइड्रो प्रा.लि.ले माथिल्लो सेती जलविध्युत आयोजना-२०,००० कि.वा. को सर्बेक्षणका लागि प्राप्त गरेको विध्युत उत्पादनको सर्भेक्षण अनुमतिपत्रले दिएको अनुमति क्षेत्र भन्दा बाहिर गएर अध्ययन गरी अनुमतिपत्रको बुँदा नं.७ को (त) मा उल्लेखित शर्त उल्लंघन गरेको विषयमा उक्त कम्पनिलाई विध्युत विकास विभागबाट मिति २०७५।६।५ मा स्पष्टिकरण सोधिएकोमा उक्त कम्पनिले साधु खोला जलविध्युत आयोजना बीच भएको सहमति अनुसार आयोजनाको फरक अध्ययन गरेको र सोको पुर्व जानकारी विभागलाई समयमा नै गराउन नसकिएको भनी क्षमा मागी स्पष्टिकरण पेश गरेको देखिन्छ । अपर सेती हाइड्रो प्रा.लि.ले सर्बेक्षणका लागि दिइएको अनुमति क्षेत्र भन्दा बाहिर गएर अध्ययन गरी गल्ती गरेको स्वीकार गरेको हुँदा विध्युत ऐन, २०४९ को दफा ३८ को उपदफा (२) बमोजिमको कसुर गरेको देखिएकोले सोही दफा बमोजिम रु.५,०००। -(पाँच हजार रुपैया) जरिवाना गर्ने निर्णय गरिदिएको छु । अरु तपशील बमोजिम गर्नु ।

**तपशीलः**

१. अपर सेती हाइड्रो प्रा.लि. बाट जरिवाना बापत लाग्ने रकम रु. ५,०००।- (पाँच हजार रुपैया) असुल उपर गर्न मिसिल विध्युत विकास विभागमा पठाउनु ।

२. निर्णयको जानकारी कानून बमोजिम माग गरेमा उपलब्ध गराइदिनु ।

२०७५।९।१०

दिनेश कुमार घिमिरे

सचिव

इति सम्बत २०७५ साल पुस गते रोज शुभम्------------------------------------------------ ।